# भौतिक पूर्वाधार तथा यातायात मन्त्रीज्यूको फ्रान्सेली राजदूतसंग भेट

भौतिक पूर्वाधार तथा यातायात मंत्री माननीय रेणु कुमारी यादवसंग आज पुस ५ गते नेपालका लागि फ्रान्सका राजदूत जिल बुरवाओले भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयमा शिष्टाचार भेट गर्नु भयो ।

राजदूत बुरवाओले उक्त अवसरमा नेपालको पूर्वाधार बिकासमा फ्रान्स सरकार सहयोग गर्न इच्छुक रहेको तथा नेपाल र फ्रान्स दुवै पहाडी देश भएको र फ्रान्सको विशेष अनुभव रहेको केवल कार क्षेत्रमा तत्कालै सहयोग गर्न सकिने बताउनु भयो ।

सोही अवसरमा मंत्री यादवले नेपाल छिमेकी राष्ट्रहरुका साथसाथै दौत्य सम्बन्ध भएका सबै मित्र राष्ट्रहरुसंग असल सम्बन्ध र हातेमालो गर्दै बिकासका लक्ष प्राप्त गर्न कटिबद्ध रहेको कुरा बताउनु भयो ।

यसका साथै नेपाल सरकार राष्ट्र संघको दीगो विकास लक्ष, २०३० का यातायात लगायत सबै क्षेत्रका लक्ष हासिल गर्न सबै मित्र राष्ट्रहरुसंग प्राबिधिक र आर्थिक सहयोगका लागि इच्छुक रहेको कुरा ब्यक्त गर्नु भयो । वहाँले फ्रान्स सरकारले काठमाडौं उपत्यकमा केवल कार निर्माणको लागि सम्भाव्यता अध्ययनमा गरेको सहयोगको लागि धन्यबाद दिदै नेपाल सरकारका सम्बद्ध निकायहरु र फ्रान्सेली राजदूतावास समेतसंग छलफल एवम् परामर्श गरी योजना कार्यन्वयनको बिषय अगाडी बढाइने बताउनु भयो ।

**सिंहदरबार, काठमाण्डौ, २०७८ पुस ०५**